# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः७) पञ्चकन्या, बैशाख महिना १८ गते, २०८१ साल (संख्याः ७**

**भाग–२**

## उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

## पृष्ठभुमीः

नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरूको उपयोग गरी पञ्चकन्या गाउँपालिकाको कार्य क्षेत्रभित्र व्यवसायिक कृषिको माध्यमबाट दिगो आर्थिक बृद्धि तथा खाध्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ तर पनी कृषि भुमिको अनुपयुक्त प्रयोग र निर्वाहमुखी कृषि प्रणालीको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरूले प्रयाप्त मात्रामा आम्दानी गर्न नसकी कृषि पेशा अरू पेशाको तुलनामा कम आर्कषित र सम्मानित रहेको छ। कृषि क्षेत्रलाई आर्कषक पेशाको रूपमा विकास गर्न नसक्नाले यस गाउँपालिका बाट बर्षेनी हजारौ युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य भएका छन् भने शिक्षित युवाहरूलाई यस पेशामा संलग्न गराउन चुनौती पुर्ण छ। कृषि क्षेत्रलाई उत्पादन र रोजगारको माध्यमबाट आर्कषक क्षेत्रको रूपमा विकास गर्न एकातिर शिक्षित युवाहरूलाई कृषि पेशामा आर्कषित गरी देश भित्रै रोजगारको सृजना गर्नु अति आवश्यक छ भने अर्को तर्फ कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकहरूलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायीक बनाउनु पर्ने आवश्यकता छ। यसै परिपेक्क्षमा पञ्चकन्या गाउँपालिकाले कृषि व्यवसाय -कृषि तथा पशुपालन गरिरहेका व्यवसायीक कृषकहरूलाइ प्रोत्साहन गर्न **पशु तथा कृषि कृषकलाई सम्मान** गर्न उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ तयार गरेको छ।

## परिच्छेद–१

### १. संक्षिप्त नाम र प्ररम्भ

- **यो कार्यविधिको नाम**ः "उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।
- यो कार्यविधि पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

### २. परिभाषा

:विषय  वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- **कार्यक्रम**ः भन्नाले  उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई सम्झनु पर्दछ।
- **उत्कृष्ट कृषक पुरस्कारको लागी कृषकको न्यूनतम योग्यता** : भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भएको उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा  सहभागिताका लागि न्यूनतम मापदण्ड जनाउँदछ।
- **समिति** भन्नाले पञ्चकन्या यसै कार्यविधि परिच्छेद २ दफा ५ अर्न्तगत रहेको समिति लाई जनाउदछ।
- **कार्यालय** भन्नाले पञ्चकन्या गाउँपालिका गाउ ँकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।
- **कृषक** भन्नाले कृषि तथा पशु तथा कृषि कृषक लाई सम्झनु पर्दछ।

- **उत्कृष्ट कृषक भन्नाले** पञ्चकन्या गाउँपालिका को कार्यक्षेत्र भित्र व्यवसायीक रूपमा कृषि तथा पशु पालन गरेका, प्राविधिक रूपमा कृषि व्यवसाय संचालन गरेका, आफुले उत्पादन गरेर यस पालिका लगायत अन्य क्षेत्रमा समेत आफनो उत्पादित कृषि साम्रगी बिक्री गरेका, आफनो व्यवसाय बाट अरू कृषकलाई रोजगार दिलाएका, स्थानीय स्रोत र साधन लाई प्रयोग गरेका, गोठ सुधार गरेका, प्रविधि सम्बन्धी साधारण जानकार भएका साथै वडादेखीनै छनौट भएर आएका कृषकहरूलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उदेश्य** यस कार्यविधि अनुसार कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

- कृषकहरूको योगदानलाई सम्मान गर्न ।
- कृषि तथा पशु पेशालाई आर्कषक एवम सम्मानित पेशाको रूपमा विकास गर्न सहयोग पुर्याउन ।
- कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाइ व्यवसायीक बनाउन सहयोग पुर्याउन ।
- कृषकहरूको मनोवल उच्च राख्न सहयोग पुर्याउन ।
- शिक्षित युवाहरुलाई कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुर्याउन ।

## परिच्छेद–२

### ४. उत्कृष्ट कृषक छनौट विधि

- पञ्चकन्या गाउँपालिका को कार्यक्षेत्र भित्रका व्यवसायीक रूपमा उत्कृष्ट कृषकहरू छनोट गर्नको लागी ५ वटै वडा कार्यालयमा पत्राचार गरी आ–आफनो वडा भित्र व्यवसायिक ( उत्कृष्ट) रूपमा कृषि व्यवसाय सञ्चालन गर्ने कृषकहरूको नामावली गाउँपालिकामा पठाउन प्रत्येक वर्षको बैशाख मसान्त भित्र वडा कार्यालयमा पठाउन पत्राचार गरीनेछ ।
- वडा कार्यालयबाट सिफारिस भइ आएको कृषकहरूको नामावली र निवेदनको थप अध्ययन गरी गाउँपालिकामा रहेको कृषि उत्कृष्ट कृषक पुरस्कार छनौट समितिद्धारा अन्तिम नामावली प्रकाशन गरिनेछ ।

### ५. उत्कृष्ट कृषक पुरस्कार छनौट समिति

पञ्चकन्या गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनौट समिति निम्न बमोजिम रहने छ ।

- गाउँपालिका अध्यक्ष — संयोजक
- गाउँपालिका उपाध्यक्ष — सदस्य
- कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- पशु सेवा शाखा प्रमुख — सदस्य
- कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

**६.समितिको काम, कर्तव्य र अधिकार**

- म्याद भित्र वडाबाट आएका सिफारिसलाइ मात्र मान्यता दिने
- वडा कार्यालयबाट सिफारिस भएर आएका कृषकहरू मध्य बाट अनुसूची १  मा भएका बाली तथा पशुपंछी लाइ आधार मानेर समितिले छनोट गर्ने
- वडा कार्यालयबाट सिफारिस भएर आएका कृषकहरूलाई समितिले पुन अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरूलाइ छनोट गर्नु पर्ने
- कृषि र पशुपंछी दुबै तर्फबाट एक आ.व. मा बढीमा १५ जना कृषकहरूलाइ पुरस्कृत गर्नको लागि छनोट गर्ने
- छनोट भएका कृषकहरू सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय पञ्चकन्या गाउँपालिकामा रहेको उत्कृष्ट कृषक पुरस्कार छनौट समितिले तथ्यगत निर्णय गर्ने छ

**७. विविध**

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालनको समन्वय पञ्चकन्या गाउँपालिको कृषि विकास शाखा तथा पशु सेवा शाखाले समन्वयकारी भुमिका निर्वाह गर्नेछ

# अनुसूची १

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)

| क्र.सं. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | खाघान्न वाली | ५ रोपनी | |
| २ | तरकारी वाली | ३ रोपनी | |
| ३ | च्याउखेती | २ वटा टनेल | |
| ४ | पुष्प तथा मसाला वाली | २ रोपनी | |
| ५ | फलफुल वाली | ५० बोट | |
| ६ | दलहन, तेलहन बाली | ५ रोपनी | |
| ७ | मौरीपालन | १० घार | |
| ८ | बाखापालन | २५ वटा माउ ब्राखा | |
| ९ | बंगुर, सुगुर पालन | ५ वटा माउ बंगुर, सुगुर | |
| १० | गाई, भैंसी पालन | २ माउ | |
| ११ | कुखुरा, हाँस पालन | १०० वटा भन्दा बढी | |
| १२ | माछापालन | २ पोखरी | |
| १३ | घाँस खेती | २ रोपनी | |
| १४ | नगदे वाली | २ रोपनी | |

कुनै कृषकले एक वा एक भन्दा बढी किसिमका वाली लगाउनुभएको छ र उत्पादन पनि बढी छ भने, उक्त किसान पनि कार्यक्रममा सहभागी हुन सक्नेछ ।

## अनुसूची २

## उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् कार्यालय प्रमुख ज्यू

पञ्चकन्या गाउँपालिका

लाकुरीभज्ज्याङ, नुवाकोट ।

बिषयः उत्कृष्ट कृषक पुरस्कार कार्य क्रममा सहभागी गराई पाऊँ ।

यस गाउँपालिकाको मिति............................ .को सार्वजनिक सुचना अनुसारको उत्कृष्ट कृषक पुरस्कार प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले पालिकाको निर्धारत अनुसुची ३ बमोजिमको मेरो व्यक्तिगत विवरण सहितको निवेदन फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न विवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुला बुझाउला ।

निवेदक नाम :

दस्तखत :

ठेगाना :

मोवाईल नं

# अनुसूची ३

## (व्यक्तिगत विवरणको ढाँचा)

राष्ट्रपती उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गर्नुपर्ने निवेदन फारम (नमूना)

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः

२. जन्म स्थान र जन्म मिति :

३. सहभागीको स्थायी ठेगानाः

४. पत्राचार ठेगानाः

५. श्रोत साधनको विवरण

**फोटो**

| क.सं | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| **१** | **कृषकसंग भएको श्रोत साधन** | | |
| क | कुल जग्गाको क्षेत्रफल(ठेक्का लिएको जग्गा समेत) | | |
| ख | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| **२** | **सिंचाईको श्रोत** | | |
| क | कूलो | | |
| ख | वोरिङ्ग | | |
| ग | इनार | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

६. खेती गरिएको वालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क.सं | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| क.खाध्यान्न वाली | | | | |
| १ | धान | | | |
| २ | गहुँ | | | |
| ३ | मकै | | | |
| ४ | कोदो | | | |
| ५ | जौ | | | |
| ७ | आलु | | | |
| ८ | दालवाली | | | |
| तरकारीवाली | | | | |
| १ | बर्षे तरकारी | | | |
| २ | हिउदे तरकारी | | | |
| ३ | बेमौसमी तरकारी | | | |
| च्याउखेती | | | | |
| १ | कन्ये च्याउ | | | |
| २ | सिताके च्याउ | | | |
| ३ | गोब्रे च्याउ | | | |
| पुष्प तथा मसाला वाली | | | | |
| १ | फुल खेती | | | |
| २ | मसाला खेती | | | |
| फलफुल वाली | | | | |
| १ | आँप | | | |
| २ | लिची | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | केरा | | | |
| ४ | ड्रयागन फुट | | | |
| ५ | सुन्तला | | | |
| ६ | कागती | | | |
| ७ | मेवा | | | |
| ८ | अन्य | | | |
| दलहन तेलहन बाली | | | | |
| १ | तोरी | | | |
| २ | बदाम | | | |
| ३ | अन्य | | | |
| मौरी पालन | | | | |
| १ | मौरी गोला | | | |
| नगदे वाली | | | | |
| १ | अलैची | | | |
| २ | कफी | | | |
| ३ | अन्य | | | |

७. पशु पन्छीपालन तथा उत्पादन विवरण

| क.सं | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | माछापालन | | | |
| २ | ठूला पशु संख्या (गाई, गोरु, भैंसी, राँगो, आदि) | | | |
| ३ | साना पशु संख्या (वाखा, भेडा, वंगुर) | | | |
| ४ | प्रजननको लागि पालिएको पशुको विवरण | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | हाँस,कुखुरा पालन | | | |
| ६ | दूध उत्पादन | | | |
| ७ | मासु उत्पादन | | | |
| ८ | अण्डा उत्पादन | | | |

८. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क.सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | विकास कार्यालयसंग सम्पर्क/समन्वय स्थिति | | | | |
| २ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३ | वाली तथा पशुधन बिमा कार्यक्रममा | | | | |
| ४ | कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५ | प्राविधिकसँगको सर्म्पक स्थिति | | | | |

९. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छीपालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

१०. कृषि व्यवसायमा लगानी स्थिति

| १ | सेवा तथा संस्थागत पहुँच रकम रु | रकम रु | कैफियत |
|---|---|---|---|
| २ | जम्मा खेती खर्च | | |
| ३ | जम्मा पशु पालन खर्च | | |
| ४ | जम्मा पन्छी पालन खर्च | | |
| ५ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ६क | अन्य खर्च | | |
| | जम्मा खर्च | | |

११. कृषि व्यवसायमा भएको लगानीको श्रोत

| क.सं. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफनै आम्दानीबाट व्यहोरिको रकम | | |
| | जम्मा | | |

१२. कृषि पेशबाट बार्षिक पारिवारिक आम्दानी स्थिति

| क.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशु पालनबाट | | |
| ३ | पन्छी पालनबाट | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कृषि पेश अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट कुल जम्मा अम्दानी | | |

१३. निम्न विषयमा सहभागी कृषक दक्षताः

| क.सं. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग(गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र( पाएको/नपाएको) | |
| ८ | समूह, समिति, सहकारीका सदस्य (भएको/नभएका | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवको आदन प्रदान ( गरेको/नगरेको) | |

१४. नयाँ कृषि प्रविधिको विकास

१५. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१६. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१७. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१८. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढने गरी)

## अनुसुची ४

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्याङ्कनका आधारहरुः

| क.सं. | निवेदनफारम मूल्याङ्गन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिती एवं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदन प्रदान एवं योगदान | २० | |
| ३ | उत्पादन स्थिती/ उत्पादकत्व | १५ | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सिर्जनाको स्थिती | १० | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिती | ५ | |
| ७ | कृषि विकास कार्यालय र प्राविधिक सँगको सर्म्पक स्थिती | ५ | |
| ८ | प्राविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोग स्थिती | १० | |
| ९ | कृषि व्यवसायको दिगोपना स्थिती | १० | |
| १० | सिर्जनात्मक कार्य गरेको | १० | |

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**